


राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

## सूचना

**२०७५ साल भदौ १ गते देखि लागूभएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरू :**

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- य सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
*सूचना तथा प्रसारण विभाग*

वर्ष-१२ ।। अङ्क : १५७ ॥ २०७७ असोज १४ गते बुधबार (30th Sep. 2020,Wednesday) **Pratidin** National Daily मूल्य-रु.५/-

# रूख काटेर अटेर गर्ने प्रतिष्ठानलाई वनको चेतावनी पत्र



*झापा (प्रस) ।* अबैध रुपमा रुख काटेर अटेर गर्ने सुखानी शहीद स्मृति प्रतिष्ठान अर्जुनधारा ९ लाई वन कार्यालयले कडा कानुनी कार्वाही गर्ने चेतावनीसहितको तागेता पत्र पठाएको छ । असोज ६ गते पठाएको पहिलो पत्रको जवाफ प्रतिष्ठानले नदिएपछि कनकाई सव-डिभिजन कार्यालय सुरुङ्गाले अर्को तागेता पत्र पठाएको हो ।पहिलो पत्रमा सव-डिभिजन कार्यालयले वन कार्यालयको अनुमति नलिई के कुन प्रक्रियाले को कसले उक्त रुख काटेको हो भनेर यथाशिघ्र खुलाएर पठाउन प्रतिष्ठानलाई पत्र पठाएको थियो । सो पत्र प्रतिष्ठानका सहव्यवस्थापक योगेन्द्र रिजालले बुझेका थिए । तर, त्यस स्पष्टीकरण पत्रको जवाफ प्रतिष्ठानले एक सातासम्म नपठाएर अटेर गरेपछि सव-डिभिजन कार्यालयले सोमबार अर्को पत्र काटेको हो । पत्रमा पहिलो पत्रलाई बेवास्ता गरिएको भन्दै अर्को तागेता पत्र पठाएको जनाइएको छ । पछिल्लो पत्रमा पहिलो पत्रलाई बेवास्ता गर्नुको कारणसहित तीनवटा सिसौंका रुखहरु के कुन व्यक्तिले काटेको र संचारमाध्यममा नमूना वनमा अबैधरुपमा भइरहेको वन फडानीका सम्बन्धमा प्रकाशित समाचारका विषयमा वास्तविकतासहित प्रतिष्ठानको धारणा पेस गर्न आदेश दिइएको छ । अन्यथा प्रचलित ऐनकानुन बमोजिम कार्वाही गर्ने कनकाई सव-डिभिजन कार्यालयका प्रमुख नथुनी गुह्यारी यादवद्वारा पठाइएको पत्रमा उल्लेख छ । कार्यालय प्रमुख यादवले प्रतिष्ठानले पहिलो पत्रको जवाफ नदिएर अटेर गरेपछि अर्को तागेता पत्र पठाइएको जानकारी दिए । प्रदेश सांसद वृख प्रधानको 'संलग्नता'मा सुखानी शहीद स्मृति पार्कमा काटिएको रुखका बारेमा वन कार्यालयले कानुनी कार्वाही थालेको हो ।
सुखानी शहीद स्मृति प्रतिष्ठानको पार्कमा रहेका तीनवटा सिसौका रुखहरु असोज ५ गते गैरकानुनी रुपमा काटिएका थिए । विना अनुमति गैरकानुनी ढंगले रुख काटिएको घटनाका विषयमा वन कार्यालयले सुखानी शहीद स्मृति प्रतिष्ठानमाथि कार्वाही अगाडि बढाएको हो । डिभिजन वन कार्यालय भद्रपुरले कनकाई सव-डिभिजन कार्यालय सुरुङ्गाका प्रमुख यादवलाई जाँचबुझ गर्न आदेश दिएको छ । काटिएका तीनवटा रुखमध्ये एउटालाई गोलिया पारेर प्रतिष्ठानमा लगेको र अरु दुईवटा काटेर फिल्डमै राखेको अबस्थामा आफूहरुले ती काठ फेला पारेको बताउँदै यादवले काटिएका काठको परिमाण ४४.६ क्यूफिट रहेको जनाए । बरामद गरिएका काठ प्रतिष्ठानका व्यवस्थापक पुष्प तिवारीको जिम्मामा छोडिएको छ । प्रतिष्ठानको हाताभित्र अबैध रुपमा रुखहरु काटिएपनि वन कार्यालयले कुनै पनि कार्वाही गर्न नसक्ने भन्दै प्रत्यक्ष संलग्न भनिएका सांसद प्रधानको आँडमा प्रतिष्ठानका कर्मचारीहरु अटेर गरेर बसेको बुझिएको छ। उनीहरुलाई जोगाउन सत्तारुढ नेकपाको ठूलै शक्तिकेन्द्र लागिपरेको जनाइएको छ ।

# हत्या गरिएकी वृद्धाको टाउकोमा हथौडाको चोट



*गौरादह (प्रस) ।* झापाको गौरादह नगरपालिकामा हत्या गरिएकी बृद्धाको निधार र टाउकोमा गहिरो चोट देखिएको छ । हथौडाले उनको टाउकोमा हानेर हत्या गरिएको हुनसक्ने आशंका गरिएको छ । गौरादह नगरपालिका वडा नं १ की ६५ वर्षिया मनमाया भण्डारीको लाश घरभित्रको खाटमुनि दुवै हात पछाडि बाँधिएको अबस्थामा सोमबार बेलुका फेला परेको थियो । हात बाँधेर हत्या गरेको र त्यसपछि लाश खाटमुनि लुकाएको हुनसक्ने एक स्थानीयले बताए ।

❖बाँकी पृष्ठ ३ मा

# झापामा समुदायका २ महिलासहित थप ९ जनामा कोरोना

*झापा (प्रस) ।* झापामा मंगलबार दुई महिलासहित समुदायका थप ९ जनामा कोरोना संक्रमण देखिएको छ । यसक्रममा दमकमा थप ४ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । गत मंगलबार संकलन गरी पठाइएको ९६ जनाको नमुना स्वाबमध्ये तीन जना पुरुषको रिपोर्ट पोजिटिभ आएको हो । यसरी संक्रमण देखिएकामा सुन व्यापारी, यातायात व्यवसायी र एकजना समुदायका रहेका छन् । संक्रमण पुष्टि हुनेमा ३७, ३८ र ४९ वर्षीय पुरुष हुन् । त्यस्तै दमक वडा नं ८ की ८२ वर्षिया बृद्धामा पनि संक्रमण देखिएको छ । उनी उपचारका लागि नोवेल हस्पिटल विराटनगर जाँदा कोरोना देखिएको हो । योसँगै दमकमा संक्रमित हुनेको संख्या १६४ पुगेको छ । संक्रमितमध्ये हालसम्म ९६ जना पुरुष र ४५ जना महिला गरी १४१ जना उपचारपछि घर फर्किएको नगरपालिकाको क्वारेन्टाइन व्यवस्थापन समितिका सदस्य सचिव कुबेरप्रसाद भट्टराईले

❖बाँकी पृष्ठ ३ मा

# कालाबजारी रोक्ने चाडपर्व लक्षित सुरक्षा योजना ल्याइदै

*बिर्तामोड (प्रस) ।* झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले चाडपर्व सँगै बजारमा हुने मूल्य वृद्धि, कृतिम अभाव लगायतका कालोबजारी नियन्त्रण गर्न स्थानीय सरकार र सबै सरोकारवालासँग समन्वय गरेर प्रजिअ तिमिल्सिनाको ध्यानाकर्षण गराएका थिए ।
प्रजिअ तिमिल्सिनाले प्राप्त सुझावलाई ध्यानमा राख्दै कोरोना संक्रमणको जोखिम कम गर्न तथा जिल्लामा शान्ति सुव्यवस्था मिलाउन चाडपर्व लक्षित विशेष योजना



तत्काल काम थाल्ने बताएका छन् । मंगलबार बिर्तामोडमा आयोजित समसामयिक विषयको छलफल कार्यक्रममा बोल्दै उनले उपभोक्ता अधिकार रक्षाका लागि जिल्ला प्रशासन कार्यालयले स्थानीय सरकारसहितका निकायसँग समन्वय गरेर अघि बढ्ने बताएका हुन् । राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष मदनगोपाल सुब्बा लगायतले उपभोक्ता अधिकारका विषयमा ल्याउने समेत बताए । चाडपर्वकै बेला जनजीवनलाई सहज बनाउन उनले सबै क्षेत्रको सहयोगको आवश्यकता औल्याएका छन् । छलफलमा उपस्थित विभिन्न क्षेत्रका प्रतिनिधिले प्रजिअ तिमिल्सिना तथा प्रहरी प्रमुखहरुलाई सुझाव दिएका थिए । त्यसक्रममा पेट्रोलियमको सहज उपलब्धता, लागूऔषध नियन्त्रण, महिला तथा बालबालिका

❖बाँकी अन्तिम पृष्ठमा

# 'तपाईको दुःखमा हामी छौं साथमा'



*राजगढ (प्रस) ।* बाह्रदशी गाउँपालिका १ का ललित राजवंशीको भतिजाको मृत्युपछि मृतकको अन्त्येष्टि र काजक्रिया गर्न समस्या थियो । किनकि उनको भतिजाको उपचारमा बिर्तामोडको बिएण्डसी हस्पिटलमा निकै खर्च भइसकेको थियो । त्यस्तो अप्ठ्यारो बेलामा वडा कार्यालयले दिएको नगद सहयोगबाट राजवंशी परिवारले ठूलो राहत महसुस गरे । आर्थिक अभाव भएर अन्त्येष्टि र काजक्रिया गर्न नसकिरहेका परिवारलाई बाह्रदशी गाउँपालिकाको १ नं.वडा कार्यालयले राहत दिने गरेको छ । '

❖बाँकी अन्तिम पृष्ठमा

**श्री गणेशमान सिंह अध्ययन प्रतिष्ठान प्राविधिक तथा व्यवसायिक शिक्षालय,** शिवसताक्षी, झापाको

## बिद्यार्थी भर्ना सम्बन्धी सूचना

झापाको झिलझिलेमा सञ्चालित गणेशमान सिंह अध्ययन प्रतिष्ठान तथा व्यावसायिक शिक्षालय पोलिटेक्निकल कलेजद्वारा शैक्षिक सत्र २०७७/०७८देखि प्राविधिकधारतर्फ तीन वर्षे डिप्लोमा तहको सिभिल इञ्जिनियरिङ, कम्प्युटर इञ्जिनियरिङ र आइटी इञ्जिनियरिङका विषयमा पठनपाठन हुने भएको हुदा सम्पूर्ण अभिभावकज्यूहरुले आफ्ना नानीहरूको विद्यालयमा भर्ना गरी समयमै सिट सुरक्षित राख्नहुन अनुरोध छ ।

**कलेजका विशेषताहरु**

भूकम्प प्रतिरोधात्मक क्षमताका भवन भएको । सुविधा सम्पन्न भौतिक साधन ।
कम्प्युटर ल्याब भएको । अनलाइनको सुबिधा भएको ।
दक्ष तथा तालिम प्राप्त शिक्षक तथा प्राविधिकबाट पठनपाठन हुने ।
कोलाहलरहीत एकान्त तथा खुल्ला वातावरण भएको ।
प्रत्येक कक्षामा ४८ मात्र सिट क्षमता भएको । इन्टरनेट सुविधा भएको ।

**गणेशमान सिंह अध्ययन प्रतिष्ठान, प्राविधिक तथा व्यवसायिक शिक्षालय शिवसताक्षी नगरपालिका वडा नम्बर११, झिलझिले, झापा**

**सम्पर्क नम्बर:**
**अध्यक्ष: ९८१५९०४४३४** **सचिब: ९८४२६२४६९६**
**कोअडिनेटर: ९८१८८८८६६८** **कार्यालय: ०२३४७०२५०**
**झिलझिले बजारदेखि चार सय मिटर तल। (झिलझिले माध्यमिक विद्यालय)**

## सम्पूर्ण विद्यार्थी तथा अभिभावकको पहिलो रोजाइ रहेको देवी माध्यमिक विद्यालय बिर्तामोडमा भर्ना खुल्यो !

प्रदेश नं. १मा सबैको आकर्षणको केन्द्रविन्दु बनेको यस देवी माध्यमिक विद्यालयमा बालकक्षा देखि कक्षा ९ सम्म र कक्षा ११मा Science, Management, Arts र Education समूहका विषयहरूमा सीमित सिटमा धमाधम भर्ना भइरहेकोले समयमा नै आफ्ना विद्यार्थीहरू भर्ना गराउन जानकारी गराउदछौं । साथै, CTEVTको १८ महिने Pre-Diploma in Computer Engineeringमा २०७७का लागि भर्नाको आवेदन फारम यही असोज १९ गतेसम्म खुला रहेको सम्पूर्ण सरोकारवालामा सहर्ष जानकारी गराउदछौं ।

**हाम्रा विशेषताहरू :**

सीमित कोटामा मात्र भर्ना गराइने नेपाली र अंग्रेजी दुवै माध्यमबाट अध्यापन गराइने
योग्य,दक्ष तथा अनुभवी शिक्षक हरियालीयुक्त स्वच्छ वातावरण
कक्षा ८ देखि १२सम्म आवश्यकता अनुसार Online कक्षाको व्यवस्था
विद्यालयको हाता तथा कक्षा कोठा प्रविधिमैत्री उन्मुख
सुविधासम्पन्न Computer Lab, विज्ञान प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था
Water treatement Plant वाट फिल्टर गरिएको स्वच्छ पिउने पानीको व्यवस्था
CTEVTको Pre - diploma in computer Engineering मा भर्ना गर्न

**आवश्यक योग्यताहरू**

SLC दिएको तथा SEE मा जुनसुकै ग्रेड ल्याएको भए पनि हुने
कक्षा ११ र १२ अध्ययन गरी सकेर घर बसेका वा पढाइ छाडेकाले पनि भर्ना हुन पाउने
**Pre-Diploma in Computer Engineering** मा आवेदन दिने अन्तिम म्याद २०७७ असोज १९ गतेसम्म

सम्पर्क : **देवी माध्यमिक विद्यालय**
**विर्तामोड५, झापा (०२३५३११८६, ९८५२६७१७३३, ९८५२६३३५५५)**

## आस्था कस्मेटिक एण्ड जेनेरल स्टोर



कस्मेटिक आइटम
गिफ्ट आइटम
कुर्ता सुरुवालका कपडा तथा अन्य रेडिमेड कपडा

9806018268 | 9852684268
बिर्तामोड भद्रपुर रोड कालिका चोक
एडभान्स सेकुवा कर्नर नजिकै

## भर्ना खुल्यो भर्ना खुल्यो भर्ना खुल्यो

"प्राविधिक शिक्षा आजको आवश्यकता"

**एस.एल. सी/एस.ई.ई वा सो सरहको परिक्षा उर्त्तीर्ण भएका ईच्छुक विद्यार्थीहरूको लागि शैक्षिक सत्र २०७७/०७८ का लागि प्रवेश परिक्षाको आवेदन फारम वितरण भैरहेको छ ।**

**प्रविणता प्रमाणपत्र/ डिप्लोमा तह**

३ वर्षे सामान्य चिकित्सा (HA)
३ वर्षे नर्सिङ्ग ( स्टाफ नर्स )



**फाराम भर्ने अन्तिम मिति:**
**२०७७ असोज १५ गते बिहिबारसम्म**
**अनलाईन फारम पनि भर्न सकिनेछ**
**www.amda.org.np**

**अन्य सोधपुछ तथा जानकारीका लागी**



**आम्दा स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**दमक-२, झापा**
**०२३-५८२१८६ , ५८०१८६ , ९८४२६६६३९९**

# प्रजिअलाई स्वागत, गिरीलाई बधाई



*बिर्तामोड (प्रस) ।* झापामा भर्खरै जिम्मेवारी सम्हाल्न आएका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनालाई स्वागत गरिएको छ । सोही कार्यक्रममा सामाजिक सेवारत्न पदकबाट विभुषित हुन लागेका सामाजिक अभियन्ता महेन्द्रकुमार गिरीलाई बधाई ज्ञापन गरिएको छ ।

बिर्तामोडको अतिथि सदनमा आयोजित कार्यक्रममा संवाद समूहसहित विभिन्न संघ-संस्थाले प्रजिअ तिमिल्सिना र गिरीलाई स्वागत तथा बधाई ज्ञापन गरेका थिए । त्यसक्रममा बिर्तामोड उद्योग वाणिज्य संघ, मेची पेट्रोलियम डिलर्स एसोसिएसन, वैदेशिक रोजगार व्यवसायी संघ, रोटरी क्लव अफ बिर्तामोड मिडटाउन, रोटरी क्लव अफ बिर्तामोड, नेपाल रेडक्रस सोसाइटीलगायतका संस्थाले सामूहिकरुपमा खादा पहिऱ्याएर तथा मायाको चिनो प्रदान गरेर स्वागत तथा बधाई ज्ञापन गरेका थिए ।

झापाको नयाँ प्रजिअको रुपमा तिमिल्सिनाले गत भदौ २१ गतेबाट जिम्मेवारी सम्हालेका छन् । उनले त्यसक्रममा झापामा शान्ति सुव्यवस्था कायम गर्न सबै पक्षको सहयोग र सहकार्य जरुरी रहेको औंल्याए । सहारा नेपाल तथा सहारा नेपाल साकोसका सचिव एवम् कार्यकारी प्रमुख रहेका गिरीको परिकल्पना र नेतृत्वमा विभिन्न अभियान सफलतापूर्वक सम्पन्न भएका छन् । यस वर्षको संविधान दिवसको दिन राष्ट्रपतिबाट गिरीलाई सामाजिक सेवारत्न पदक प्रदान गर्ने घोषणा भएको हो । त्यसक्रममा गिरीले समाज परिवर्तनका लागि सकारात्मक सोचसहित सामाजिक अभियानमा सहकार्य र सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरे । कार्यक्रम बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईको अध्यक्षतामा सो कार्यक्रम भएको थियो ।

# बलात्कारीलाई मृत्युदण्डको सजाय दिइनुपर्ने अगुवा महिलाको जोड




*बिर्तामोड (प्रस) ।* बलात्कारका घटनामा संलग्न पुरुषलाई कानुन संशोधन गरेर भए पनि मृत्युदण्डको सजाय दिइनुपर्ने कुरामा झापाका महिला अधिकारकर्मीले जोड दिएका छन् । मंगलबार रिपोर्टर्स क्लबले बिर्तामोडमा आयोजना गरेको साक्षात्कार कार्यक्रममा सहभागी उनीहरुले बलात्कारजस्तो जघन्य अपराधमा संलग्नलाई केही वर्षको सजाय वा आजीवन कारावास सजायले नपुग्ने धारणा राखेका हुन् । संसदमा प्रतिनिधित्व गर्ने महिला सांसदहरूले बलात्कारीलाई मृत्युदण्ड दिइनुपर्छ भनेर आवाज उठाइरहेका बेला यसलाई कानुन बनाउनुपर्ने उनीहरुको समान आवाज थियो । महिला हिंसा र बलात्कारका घटनामा कमी आउनुको सट्टा बृद्धि हुँदै जानुमा कानुन नै फितलो भएको उनीहरुको निष्कर्ष थियो ।

कार्यक्रममा नेपाल महिला संघ झापाकी अध्यक्ष सुशीला ढकालले बलात्कारी राख्ने जेल पनि अलग्गै हुनुपर्ने बताइन् । पैसा र शक्तिको आडमा अपराधीहरुले सजाय नपाउनु विडम्बना भएको उनको भनाइ थियो ।

त्यस्तै, कानुन व्यवसायी कोपिला खड्का बस्नेतले मृत्युदण्डको व्यवस्था गरिएका देशमा पनि बलात्कारका घटनामा कमी नआएकाले मानिसको आचरण र व्यवहारमै परिवर्तन गर्न जरुरी रहेको बताइन् । उनले समस्याको जड पहिचान गरेर सजाय उल्लेख गर्नुपर्ने जिकिर गरिन् । राप्रपा नेतृ रञ्जु प्याकुरेलले बलात्कारका घटना हुनुको कारणको गहिरो अध्ययन आवश्यक रहेको बताइन् । राज्य यस विषयमा सम्वेदनशील हुनुपर्नेमा उनको जोड थियो । त्यस्तै, अन्तर पार्टी महिला सञ्जाल झापाकी पूर्वअध्यक्ष सरु न्यौपानेले विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन भए मात्र पनि बलात्कारका घटनामा कमी आउने विचार राखिन् । कार्यक्रममा बोल्दै नारी संचारगृह झापाकी अध्यक्ष अम्बिका भण्डारीले बलात्कारीलाई मृत्युदण्डको सजाय उपयुक्त भएको बताउँदै तर कानुन ल्याउनुभन्दा पहिला अन्तर्राष्ट्रिय सन्धिमा परिमार्जन गर्नुपर्नेमा जोड दिइन् ।

मेची महाकाली बुहारी संयुक्त आवाजकी झापा संयोजक शिखा खड्काले बलात्कारीलाई फाँसीको सजायको व्यवस्था हुनुपर्ने बताइन् । उनले त्यसका लागि सरकारले विद्यमान कानुन संशोधन गर्न आवश्यक रहेको उल्लेख गरिन् । कार्यक्रमको सहजीकरण क्लबका अध्यक्ष शेखर सेढाईंले गरेका थिए


## बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, झापा
## प्रदेश नं १ नेपाल ।

## सूचना सूचना सूचना

नेपाल सरकारले सबै नेपाली नागरिकतलाई राष्ट्रिय परिचय पत्रको रुपमा निर्वाचनमा समेत प्रयोग गर्न सकिने गरी फोटो सहितको बायोमेट्रिक स्मार्ट कार्डको निर्माणका लागि फोटो खिचाउने कार्य गरिरहेको छ । जस अनुसार बिर्तामोड नगरपालिकामा पनि राष्ट्रिय परिचयपत्रका लागि फोटो खिचाउने कार्य आरम्भ भएकाले सम्बन्धित वडाभित्र तोकिएका केन्द्रमा गई फोटो खिचाउन सम्पूर्ण बिर्तामोडबासीहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | वडा नं. | केन्द्रको नाम |
|---|---|---|
| १ | १ | वडा कार्यालय |
| २ | २ | वडा कार्यालय<br>चारपाने सामुदायिक भवन<br>पञ्चरत्न मा.वि. |
| ३ | ३ | वडा कार्यालय<br>महेन्द्र रत्न मा.वि. |
| ४ | ४ | वडा कार्यालय<br>गोमेन्द्र उच्च मा.वि.<br>लिटल फ्लावर इङ्लिस स्कुल |
| ५ | ५ | वडा कार्यालय<br>देवी मा.वि.<br>कोहेड कलेज |
| ६ | ६ | वडा कार्यालय |
| ७ | ७ | वडा कार्यालय |
| ८ | ८ | वडा कार्यालय |
| ९ | ९ | वडा कार्यालय |
| १० | १० | वडा कार्यालय |


# ‘तपाईको ....

तपाईको दुःखमा हामी छौ साथमा’ भन्ने कार्यक्रम गरेर वडा कार्यालयले धेरैलाई दुखमा साथ दिएको हो । वडा कार्यालयले वडाभित्र मरिमराउ भएमा प्रतिपरिवार १० हजार रुपैयाँ नगद सहयोग उपलब्ध गराउने गरेको छ । वडा कार्यालयले आर्थिक वर्ष २०७७–७८ मा त्यस कार्यक्रमका लागि दुई लाख ५० हजार रुपैयाँ बजेट छुट्याएको छ । त्यस बजेटले नपुगे थप्न सकिने वडाध्यक्ष शम्भुसिंह राजवंशीले बताए । आर्थिक अभाव भएर मरिमराउमा आफ्नो परम्परा गर्न नसकिरहेको निम्न वर्गीय परिवारको अबस्थालाई मनन गरी मानवीय संवेदनास्वरुप वडा कार्यालयले सो कार्यक्रम ल्याएको उनले बताए । चालु आर्थिक वर्षमा वडाभित्रका तीन परिवारलाई सहयोग गरिसकेको वडाध्यक्ष राजवंशीले जानकारी दिए ।

बाह्रदशी गाउँपालिकाभरि १ नं वडा कार्यालयले पहिलोपटक त्यस किसिमको कार्यक्रम संचालन गरेको हो । मरिमराउमा राहतको आबश्यकता ठानेर अन्य वडामा पनि त्यस्तो कार्यक्रम गर्न लागिएको छ । आफ्नो भतिजाको मृत्युपछि पैसा नभएको अबस्थामा वडा कार्यालयको सहयोगले ठूलो राहत मिलेको ललितले बताए । ‘ त्यस रकमबाट तीन सिनानमा सहयोग पुग्यो ’ उनले भने । बाह्रदशी १ मा अधिकांश विपन्न अबस्थाका आदिबासी , जनजाति, पिछडिएका वर्ग र मुस्लिम समुदायको बसोबास रहेको छ ।

# कालाबजारी ....

हिंसा नियन्त्रण, विद्युतको अनियमित सेवा,चोरी तस्करी नियन्त्रण, स्थानीय सरकारका कर, मलको व्यवस्थापन, यातायातमा हुने भीडभाड लगायतका समस्या समाधानमा प्रजिअको ध्यानाकर्षण गराइएको थियो ।
सामाजिक अभियन्ता तथा सहारा नेपालका कार्यकारी प्रमुख महेन्द्रकुमार गिरीले जिल्लामा लागूऔषध नियन्त्रण प्रमुख चुनौतीको रुपमा देखिएको भन्दै उक्त समस्या समाधानका लागि सबै पक्ष एकीकृत ढंगले लाग्नुपर्नेमा जोड दिए ।
कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका उपाध्यक्ष नारायण चिमरिया, संघका महासचिव तथा रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका अध्यक्ष प्रशान्त भण्डारी, नेपाल कम्युनिष्ट पार्टीकी नेतृ लक्ष्मी न्यौपाने सरु, नेपाली कांग्रेसकी नेतृ सुशिला ढकाल आचार्य, एबीसी नेपालकी अध्यक्ष कञ्चना सिटौला, चेम्बर अफ कमर्श झापाका अध्यक्ष ओमकृष्ण विमली, मेची पेट्रोलियम डिलर्स एसोसिएसनका अध्यक्ष नवीन कोइराला लगायतले विभिन्न सुझाव राखेका थिए ।
संवाद समूहको युवा टिमका सदस्य तथा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईको अध्यक्षतामा भएको छलफलमा जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख कृष्णप्रसाद कोइराला, सशस्त्र प्रहरी उपरीक्षक रमेशकुमार पाण्डे, राष्ट्रिय अनुसन्धान कार्यालयका अनुसन्धान उपनिर्देशक तिलक प्रसाईं, इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रमुख मुकुन्द रिजाल, जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख प्रकाश जबेगूलाई समेत सहभागीले सुरक्षा लगायतका विषयमा विभिन्न सुझाव दिएका थिए ।
रोटरी क्लव अफ बिर्तामोडका अध्यक्ष निर्मल भट्टराई, चेम्बर अफ कमर्श झापाका संस्थापक अध्यक्ष सन्तोष अग्रवाल, युनिकम नेपालका अध्यक्ष गजेन्द्रबहादुर पौडेल, एकका लागि एक अभियानका सदस्य हरि शर्मा, पत्रकार महासंघ झापाका सहसचिव केशव भट्टराई, वैदेशिक रोजगार व्यवसायी संघका तर्फबाट भानु शिवाकोटी, ट्रेड युनियन कांग्रेसकी केन्द्रीय सदस्य उर्मिला ढकाल पोखरेल, राप्रपाकी महिला नेतृ शारदा रिजाल, महिला चेम्बर झापाकी अध्यक्ष प्रेमा भट्टराई, नेपाल उद्यमशील महिला संघ झापाकी अध्यक्ष पार्वता खरेल विमली, नेपाल रेडक्रस सोसाइटी बिर्तामोड उपशाखाकी उर्मिला विमली खरेल, वीरता जेसीजका कुशल खतिवडालगायतले समेत सुझाव राखेका थिए ।
संवाद समूहको संयोजनमा भएको छलफलको सहजीकरण अधिवक्ता खगेन्द्र खरेलले गरेका थिए ।


## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) र नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठानको संयुक्त साझेदारीमा स्थापित

## नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान

**नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान र CTEVT को संयुक्त साझेदारीमा स्थापना भएको यस प्रतिष्ठानमा सिमित कोटामा धमाधम भर्ना भइरहेको छ ।**

**सञ्चालित कार्यकमहरु**

- **Isc.Ag. (Plant Science)** (बालि बिज्ञान ३ बर्षे)
- **Isc.Ag. (Animal Science)** (पशु बिज्ञान ३ बर्षे)
- ***Diploma in Forestry*** (बन बिज्ञान ३ बर्षे)



हाम्रा बिशेषताहरु
(१) मल्टिमिडिया प्रोजेक्टर तथा स्मार्टवोर्डसहित सुविधा सम्पन्न कक्षा कोठाहरु भएको ।
(२) अनुभवी तथा बिषयविज्ञ प्रक्षिकहरुद्धरा कक्षा संचालन गरिने ।
(३) प्रयोगात्मक अभ्यासलाई प्रोत्साहान गरिने ।
(४) व्यवस्थित छात्रावासको व्यवस्था भएको ।
(५) अनलाइन कक्षाको व्यवस्था भएको ।
(६) कक्षा कोठाहरुका लागि प्रयाप्त भौतिक पुर्वाधार भएको ।
७) नेपाल सरकार अन्तरगतको लोकसेवा परिक्षामा पाँचौं तहको मान्यता मिल्ने ।
८) अनुशासन र मर्यादालाई गम्भीर रुपमा पालना गर्दै, गराउदैं असल संस्कारको बिकास गराउने ।



**फारम बितरण मिति २०७७ भाद्र २६ शुकबार बाट**
**फाराम बुझाउने अन्तिम मिति २०७७ आश्विन १५ गते बिहिबार सम्म**
**सिट सिमित छ चाडै सम्पर्क गर्नुहोला ।**

थप जानकारीको लागि :
**नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान**
बिर्तामोड न.पा.-४ झापा पुरानो भद्रपुर रोड-आदर्श व्यङ्क्युट छेउ -
सम्पर्क नं. ०२३५९०८२३, ९८५२६७५१९७, ९८४२६२५३८१, ९८४२७००४२०, ९८०५३०००४६



## भूमिसुधार कार्यालय भद्रपुर झापाको
## मोही हकदावी सम्बन्धी सूचना

प्रकाशित मिति : २०७७/०६/१४

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोत गर्न छाडेको/ बेपत्ता भएकोले मोहीको लगत कट्टा गरिपाउ भनि कार्यालयमा निवेदन पर्न आएकोले विषेश अदालत ऐन २०५९ को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी बिरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाण सहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र दावी बिरोध नभएमा भू.सं. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

| जग्गाधनीको विवरण | जग्गाको ठेगाना | कित्ता नं. | क्षेत्रफल | मोहीको नाम थर |
|---|---|---|---|---|
| मिरादेवी गुरुङ्ग | महेशपुर-१ | ५५२० | ०-१-० | आलसिया, अससिया राजवंशी |
| शिखर प्रसाई | गरामनी-१ | ४५१००० | ०-१४-१५<br>०-३-० | गेनगाइ/ गजनलाल राजवंशी |



## हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार

**सफलतापूर्वक उपचार हुने समस्याहरू**
ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको



सम्पर्क : **स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.**
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३



## पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा
## शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

**औषधीको प्रयोग नगरी उपचार**
बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुन: यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग **बिर्ता सीटी हस्पिटल**
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००



## बिर्ता (सेफ्टी तथा ढल सफाई)
## बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

# तुरुन्त वार्ता गर

सत्याग्रही डा. गोविन्द केसीको नाम केही वर्षयता विशेष चर्चामा छ । वरिष्ठ हाडजोर्नी विशेषज्ञका रूपमा चिकित्सकीय सेवामा रहेका उनी देशको चिकित्सा शिक्षामा बढ्दो बेथितिविरुद्ध 'सत्याग्रह' थालेपछि चर्चामा आएका हुन् । डा. केसीले सत्याग्रह थालेयता धेरै सरकार बने र ढले पनि । सबैजसो सरकारको पालामा सहमति, सम्झौता भए तर उनको सत्याग्रह रोकिएन । कारण थियो सहमति कार्यान्वयन नहुनु । हाल उनी अनशनको १९औं श्रृंखलामा जीवनसँग संघर्ष गरिरहेका छन् ।

विगतमा जब केसी अनशन बस्थे, केही दिन बेवास्ता गरेपनि चौतर्फी दबाब पर्थ्यो र त्यसपछि सरकार उनीसँग वार्ता गर्न बाध्य हुन्थ्यो । अनि सहमति हुन्थ्यो र अनशन तोडिन्थ्यो । सहमति कार्यान्वयन हुँदैनथ्यो, यसैले उनका माग दोहोरिइरहे, सरकारपिच्छे र कुनैकुनै सरकारसँग त पटकपटक सहमति भयो र अनशन तोडियो । तर, पछिल्लो समय सरकारले डा. केसीको अनशनलाई बेवास्ता गरिरहेको छ ।

डा. केसी निःस्वार्थ चिकित्सा सेवामा संलग्न व्यक्ति हुन् । सरकारी सेवामा रहँदै पनि गाउँगाउँ पुगेर निजी खर्चमा विपन्न जनताको सेवा गर्दै आएका उनी सेवाबाट निवृत्त भएपश्चात् पनि आफ्नो सो समाजसेवी कर्म र चिकित्सकीय धर्म निर्वाह गर्न चुकेका छैनन् । वर्तमान असहज एवं जोखिमपूर्ण परिस्थितिमा पनि दुर्गम गाउँगाउँ पुगेर विपन्न जनताको सेवा गरिरहेका छन् । जुन आफैंमा उदाहरणीय एवं प्रशंसनीय कार्य हो ।

डा. केसीले मेडिकल माफियाको स्वार्थ जोडिएका कारण सरकार कर्णाली र दुर्गम क्षेत्रमा मेडिकल कलेज खोल्न नचाहेको आरोप लगाउँदै आएका छन् । सरकारी कलेजहरू सफल हुँदा काठमाडौंमा निजी कलेज खोलेर चिकित्सा शिक्षाको व्यापार गर्नेको कमाइ नहुने भएकाले सरकार तिनकै स्वार्थमा दुर्गमको उपेक्षा गरिरहेको उनको आरोप छ । केसीले देशका पूर्वदेखि पश्चिमसम्मका विभिन्न दुर्गम स्थानमा सरकारी मेडिकल कलेज खोलेर चिकित्सा शिक्षा दिनुपर्ने माग राखेका छन् । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायत दुर्गममा एमबबीएस सहितका कार्यक्रम चलाइनुपर्ने मागले दुर्गमको हित बोलेको छ । यसैले अविलम्ब वार्तामा बसी उनीसँग इमानदार सम्झौता गर्नुपर्छ र अनशन सदाका लागि अन्त्य हुनुपर्छ ।

# माननीय, सम्माननीय र डा. केसी



❖प्रकाशचन्द्र परियार

नेपाली समाज अचाक्ली पदाधिकारीहरूको हालीमुहालीबाट यति साह्रो थिलथिलो हुँदै गुज्रिरहेको छ कि मानौं, यहाँ पदविहीन हुनु भनेको केही गर्नै नसक्ने निरीहताको पराकाष्ठा हो ।

कुनै पद, विभूषण, नियुक्तिबिना त सास फेर्न पनि सकिन्न भन्ने अवस्थाको सिर्जना यसरी गरियो कि हुँदाहुँदा कालोबजारी, बिचौलिया, तस्कर र डनहरूसमेत कसलाई विभूषण दिने, कसको तक्मा खोस्ने र कसलाई कुन पद दिलाउनेदेखि कसको पद बर्खास्ती गरिदिने भन्नेसम्मको खुलमखुला हर्कतमा देखा पर्न थाले । जब राजनीतिमा, सामाजिक जीवनमा मूल्य, मान्यता, त्याग, योगदान, निष्ठा, समर्पण र सद्भावको चरम खडेरी पर्दै जान्छ बल, शक्ति, धन, गुन्डा, तस्कर र बिचौलियाहरूको जगबाट उदाइरहेकालाई राजकीय पद, प्रतिनिधि, नियुक्ति र दलीय पदाधिकारी नभई बाँच्नै सकिन्न भन्ने कुरोले मज्जाले घर गर्ने देखिरहेका छौं ।

अहिले ग्रामीण कुनाकन्दरादेखि सिंहदरबारसम्म जुन प्रकारका टोले गुन्डादेखि पहुँच, प्रभाव, धन, डन र शक्तिको चलखेल गरेर राजकीय पद हत्याउँदै म फलानो पदधारी हुँ नभनी, पदीय रबाफ नदेखाई चित्तै नबुझ्ने वातावरण बनाइएको छ, यो दुःखद छ । पद भनेको काम गरेर देखाउनेभन्दा पनि मैमत्ताको प्रतीक हो । यसको जति दुरुपयोग र दोहन गर्‍यो, त्यति नै शक्तिशाली देखिने गलत परम्परा जसरी स्थापित गरियो, राजनीतिमा खराब तत्वहरूको निर्बाध प्रवेश त्यसैगरी झाँगिरहेको मात्रै छैन, उनीहरूबिना राजनीति नै असम्भव छ जस्तो धारणा स्थापित गराइसकिएको छ, यो विडम्बना छ ।

राजनीति पदीय दम्भको यस्तो खराब मैदान बनाउँदै लगियो कि एउटा वडाध्यक्षको टिकट किन्न नेतालाई १० लाख टक्र्याउनुपर्ने अनि चुनाव जित्न ३० लाख खर्चिनुपर्ने कुरा विस्तारै गौण बन्दैछ । अब अनुमान गर्नुस् त वर्षौंदेखि निष्ठा, त्याग र इमानको राजनीति गर्नेहरू सबैले न त्यो टिकट किन्न सक्लान् न त्यसमा रमाउलान् ? किनिएको टिकटले मात्रै नपुग्ने भो चुनावमा लाखौं खर्च गर्न सक्लान् ? जब टिकट किनेर चुनावमा धन र बलको जगमा वडाको जनप्रतिनिधि बन्नैपर्ने 'पदीय लोभ' आइलाग्यो भन्नेबित्तिकै अब बुझ्नुपर्‍यो- त्यो वडाध्यक्षले निर्वाचित भएपछि देखाउने पदीय दम्भ, उसले गर्ने पदीय दुरुपयोग र आगामी दलीय राजनीतिमा उसको पहुँच, पकड र प्रभाव कस्तो होला ? कुरा उही हो, पारा त्यही हो, शैली उस्तै हो मेयर बन्ने, सांसद र मन्त्री बन्ने अहिलेको खाँटी नेपाली तरिका । यो तरिकामा प्रवेश पाएर सफल बनेका पछिल्लो उदाहरण हुन् दीपक मनाङे । दीपक मनाङे यो देशका जबर्जस्त निर्वाचित जनप्रतिनिधि हुन् । बदलिँदो राजनीतिक संरचनाले जन्माएको माननीय मनाङे । उफ ! मान्नैपर्ने माननीय, सम्मान गर्नैपर्ने सम्माननीय ।

दीपक मनाङे शक्तिशाली सत्तारूढ दल नेकपाका नेता हुन्, उनको पृष्ठभूमि, धन्दा र हर्कतबारे बहस गर्दै गरौंला तर उनलाई सम्बोधन गर्नुअघि माननीय दीपक मनाङेज्यू नलगाए कतिपयको त जागिरै जाने जोखिम छ । माननीय सम्मानित पद थियो, जनताले चुनेर पठाएको प्रतिनिधि, नीतिनिर्माता अर्थात् मुलुकको मुहार । यहाँ मैले जोडका साथ उठाउन खोजेको कुरा के हो भने राजकीय संरचनालाई यो छुट छैन कि उनलाई म मान्दिनँ भन्न अर्थात् उनको मान्नैपर्ने पद माननीय । दलाल राजनीतिको गर्भबाट जन्माइएका ' मनाङे' हरू जस्ता दर्जनौं पात्रले नेपालको संसदीय इतिहासमा आफ्नो नाम दर्ज गरिसकेका छन् । उनीहरूको अनुकरणले नेताहरूको अनुकम्पाले सयौं त्यस्ता राजनीतिक पात्र र प्रवृत्ति साम, दाम, हराम सबै नीति र संयन्त्रको जोहो गरेर आगामी निर्वाचन कुरेर बसिरहेका छन्, मान्नैपर्ने माननीय लाइनमा दर्ज हुनका लागि । तर किन हामी बोल्दैनौं 'इट इज टु मच, इनफ इज इनफ ! हामी किन पोल खोल्दैनौं पैसाको खोलो बगाएर बनेका मान्नैपर्ने माननीयविरुद्ध ? हामी किन बोल्दैनौं संरक्षित ग्याङ गिरोहले तयार पारेका मान्नैपर्ने माननीयविरुद्ध ? खुलेर बोलौं अब त अति भो, जति चुप त्यति नै क्षति हो भनेर । यो मुलुकको राष्ट्रप्रमुख भइसकेका पूर्वराजा ज्ञानेन्द्र शाह र पूर्वराष्ट्रपति डा.



रामवरण यादव अहिले पनि आफ्नो दायराबमोजिमको गतिविधिमा सक्रिय हुनुहुन्छ । कालीकोटका भरिया झपट ठकुरी हुन् या सप्तरीका रिक्साचालक बुधन महतोस तेह्रथुमका किसान धनबहादुर सुब्बा हुन् या चितवनकी नर्स माया बर्देवास बैतडीका पुरोहित रामप्रसाद अवस्थी हुन् या पूर्वराजा र पूर्वराष्ट्रपतिले न्यायको ढोका ढक्ढक्याउन जाने ठाउँ अन्ततः अदालतै हो ।

अदालतका न्यायाधीशलाई माननीय न्यायाधीश भन्ने गरिन्छ भने सर्वोच्च अदालतका प्रधानन्यायाधीशलाई सम्माननीय प्रधानन्यायाधीश । न्याय दिनु र आदेश मात्रै गर्नु निकै फरक कुरा हुन् । दुःखद सत्य हाम्रो अदालतमा धेरैजसो आदेश हुन्छ साह्रै कम न्याय । मुलुकको राजनीतिचाहिँ लम्पट, नेताहरूचाहिँ बिचौलिया र तस्करहरूका घेरामा, कर्मचारीलाई कालोबजारीले चलाउने, प्रहरी दलीय दलालीमा निर्लिप्त हुनुपर्ने अवस्थाबाट गुज्रिरहँदा अर्को राजकीय संस्था अदालतबारे नबोली धरै छैन । आस्थाको अन्तिम केन्द्र, न्यायको मन्दिर, आशाको आभा फैलाउन सक्ने अदालतको अवसान कसरी भइरहेको छ भन्न हालैको एउटा विवादास्पद 'हत्यारा रञ्जन कोइराला प्रकरण' लाई एकसरो विश्लेषण गरे पुगिहाल्छ । हत्या पुष्टि हुनुअघि रञ्जन कोइराला नामको अगाडि श्रीमान् डीआईजी रञ्जन कोइराला लाग्थ्यो । अदालतको आदेशले उनी थोरै समयमा छुटे । अदालतले छुटको आदेश दियो, गीता ढकाललाई न्याय होइन । विडम्बना, अदालत न्याय दिनभन्दा आदेश दिन अग्रसर छ ! पूर्वराजादेखि भरिया झपट ठकुरीसम्मलाई न्याय दिनुपर्ने स्थानमा गोपाल पराजुलीहरू पुगेपछि, पुर्‍याइएपछि हुने नै यस्तै हो । त्यसैले चार्ल्स शोभराजहरू हाम्रो धरातलीय यथार्थको नजिकबाट चित्रण गर्दै भन्छन्, 'त्रिभुवन विमानस्थलबाट हात्ती छिराइदिन सक्छु ।'

नागरिकता प्रकरणमा विवादित सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश गोपाल पराजुलीले अदालतको आस्था जति नै धुमिल बनाए पनि उनलाई सम्माननीय भन्नैपर्ने अर्थात् सम्मान गर्नैपर्ने, सम्माननीय पराजुली । विडम्बना कस्तो छ भने उनै चरम विवादित सम्माननीय पराजुलीलाई राष्ट्रपतिबाट राजकीय पदक थाप्न शीतल निवास पुर्‍याइन्छन् । तक्माधारी सम्माननीय गोपाल पराजुली प्रवृत्ति न्यायालयमा बहुसंख्यक हुन् थालेपछि मुलुक कुन दिशामा अघि बढिरहेको छ भन्न कुनै राष्ट्रिय सर्वेक्षणको जरुरी छैन । अहिलेको दलाल राजनीतिको अभ्यासले अदालतलाई यति धेरै दूषित बनाइसक्यो कि हरिबहादुर थापाहरूजस्ता अग्रज पत्रकारले कुन मुद्दा कुन न्यायाधीशका बेन्चमा पुगेपछि अथवा पुर्‍याइएपछि कसका पक्षमा कस्तो निर्णय आउँछ ठ्याक्कै विश्लेषण गर्न सक्छन्, यो बहुतै दुःखद हो ।

फेरि पनि मान्नुस् या नमान्नुस्, माननीय न्यायाधीश भन्नैपर्छ । सम्मान गर्नुस् या नगर्नुस्, सम्माननीय प्रधानन्यायाधीश भन्नैपर्छ । यो विडम्बनाको अन्त्य गर्ने दुःसाहस गरेकी सुशीला कार्कीहरूको निष्ठामा महाभियोगको प्रस्ताव दर्ज हुन्छ र सम्माननीय पराजुलीहरूको छातीमा तक्माको भारी । हृदयबाटै सम्मान जाग्ने पदविहीन आदरणीयहरूको खडेरी यो देशमा हामीले धेरै भोग्यौं मान्नैपर्ने माननीयहरूको अचाक्ली हर्कत । हामी माननीयलाई प्रोटोकल मिचेर अपमान गरियोस हामी माननीय मन्त्रीलाई एयरपोर्टमा ५-५ मिनट कुर्न लगाइयोस् हामी माननीयलाई मञ्चमा बोलाउँदा माननीयज्यू सम्बोधन गरिएन अर्थात् हाम्रो मानमर्दन गरियो । कति हो कति माननीय दम्भको दुःखद फेहरिस्त । माननीय मन्त्रीलाई समयमा गाडी नपठाउँदा कुटिएका कर्मचारी जिँउदै छन् । माननीयको सुरक्षामा बेवास्ता भयो भन्दै सरुवा गरिएका सुरक्षाकर्मीको बेलिविस्तार कति हो कति ? माननीयसँग ठाडो बोल्ने भन्दै कालीकोट रमाना थमाइएकाहरूको रामकहानी कति धेरै होला अर्थात् तैंले मलाई नमान्ने ? म माननीय हुँ क्या माननीय, उफ ! मान्नैपर्ने माननीय ।

यो देशमा मान्नैपर्ने माननीय भन्दा हृदयबाटै सम्मान जाग्ने आदरणीयको कुनै कमी छैन । म डाक्टर गोविन्द केसीलाई आदरणीय केसीले सम्बोधन गर्दै अन्तरआत्माबाटै नमन गर्छु । निष्ठा, त्याग, समर्पण भएका इमानमा नडग्मगाएका भुइँतहका जनताको स्वास्थ्यबारे दलाल राज्यलाई झस्काउन ज्यानको कुनै पर्वाह नगर्ने केसी मान्नैपर्ने माननीय होइनन् सम्मान गर्नैपर्ने सम्माननीय होइनन् अन्तरआत्माबाटै सम्मान भाव जागृत हुने आदरणीय गोविन्द केसी हुन् । गोविन्द केसीजस्तै जनमनमा सम्मानले शिर निहुँरिने हाम्रा गाउँमा टोलटोलमा धेरै अग्रज थिए र अहिले पनि छन्, जसलाई देख्नेबित्तिकै त्वचामा चमक आउँछ जसको नाम सुन्नेबित्तिकै कानले शान्त महसुस गर्छ र जसको फोटो देख्नेबित्तिकै आँखाले आत्मासँग अंकमाल गर्छ ।

असल, कर्मशील, सुमन भएका डाक्टर सन्दुक रुइत हुन् या महावीर पुन, कुलमान घिसिङ हुन् या किशोर थापा, नुतन थपलिया हुन् या अनुराधा कोइराला, कृष्ण पहाडी हुन् या डाक्टर मदन परियार या शारदाप्रसाद त्रिताल, केदारभक्त माथेमा हुन् या उत्तम सञ्जेल, भगवान् कोइराला हुन् या धनञ्जय शर्मा, द्वारिकानाथ ढुगाना, बलदेव राम, दुर्गा घिमिरे, सुनिता दनुवार, चरिमाया तामाङ, मदनकृष्ण-हरिवंश, उर्मिला चौधरी, इन्दिरा रानामगर, पुष्पा बस्नेतहरू सदा नमनीय पात्र बनिसकेका छन्, जसको अगाडि मान्नैपर्ने माननीय पद झुन्डिएको छैन ।

# कोरोना र अग्रपङ्तिका योद्धाहरू



❖देवेन्द्र अर्याल "आँसु"

विश्वभरि नै कोरोना भाइरस (कोभिड-१९) को त्रास बढी नै रहेको छ । चीनको वुहानबाट सुरु भएको यो भाइरसबाट संक्रमित अहिले विश्वका २ सयभन्दा बढी देशमा भेटिएका छन्, जसमध्ये २ करोड ९४ लाखभन्दा बढी संक्रमित भइसकेका छन् । हालसम्म संक्रमणबाट ९ लाख ३२ हजारको मृत्यु भइसकेको छ । नेपालमा यसबाट संक्रमित हुनेको सङ्ख्या ५५ हजार ३ सय २९ पुगेको छ भने संक्रमितको संख्या दिनप्रतिदिन बढिरहेको छ । हालसम्म हाम्रो देशमा ३ सय ६० जनाले ज्यान गुमाइसकेका छन् । विश्वलाई नै यसले आतङ्कित बनाइरहेको छ । यो भाइरस अहिले एउटा देशमा मात्र सीमित रहेको छैन, सिंगो विश्वका लागि नै साझा समस्या बन्न पुगेको छ । विश्व स्वास्थ्य संगठनले गत मार्च ११ देखि नै विश्वभरि नै कोरोना महामारी फैलिएको घोषणा गरेको थियो ।

कोरोना महामारीका रूपमा फैलिएकाले पश्चिमा शक्तिशाली राष्ट्रलाई पनि ज्यादै चिन्तित तुल्याएको छ ।

कोरोना नियन्त्रणका लागि अहिले विश्वव्यापी रूपमा विभिन्न उपायहरू अपनाइएका छन् । क्वारेन्टाइन, सेल्फ आइसोलेसन, लकडाउन, क्षेत्र सिल गर्नु वा सार्वजनिक कार्यक्रम स्थगित गर्नु नै महत्वपूर्ण उपाय रहेका छन् । कोरोनाको गम्भीरतालाई सहज ढंगमा समाजमा सबै जनतालाई बुझाउनु नै महत्वपूर्ण कार्य हो । सूचनालाई प्रभावकारी ढंगले जनमानसमा पुर्‍याएर मानिसको भीड कम गर्नु नै अहिलेको आवश्यकता हो । त्यसो भएमा मात्र यो भाइरसबाट टाढै रहन सकिन्छ । कोरोना भाइरसलाई समुदायस्तरमा फैलन नदिन सरकारले गरेको यो प्रयासलाई हामी सबैले पालना गर्नु हाम्रो पहिलो कर्तव्य हो ।

कोरोना महामारी नियन्त्रणका लागि सबै आआफ्नो क्षेत्रबाट सजग रहनुपर्छ । कोरोना नियन्त्रणका लागि युद्धस्तरमा लागि परेका वर्गमध्येमा डाक्टर, नर्स वा स्वास्थ्यकर्मी र सुरक्षाकर्मी मुख्य रहेका छन् । यसमा हामी कसैको शङ्का छैन । उनीहरू नै वास्तवमा कोरोना महामारीविरुद्ध युद्धस्तरमा लड्ने योद्धाहरू हुन् । स्वास्थ्यकर्मीहरूलाई यस विषम परिस्थितिमा जति प्रशंसा गरे पनि पुग्दैन । जो मानिस पनि आफूलाई रोग लागेपछि डाक्टरलाई सम्झन्छन् । सामाजिक स्टाटसमा थुप्रैले लेखेको पाइन्छ, भगवान्को अर्को रूप भनेको नै डाक्टर हो । यसरी डाक्टरहरूको ज्यादै प्रशंसा गरिएको पाइन्छ । वास्तवमा भन्नुपर्दा डाक्टरहरू नै भगवान् हुन् । आफ्नो परिवार नभनी रातदिन बिरामीको उपचारमा संलग्न उनीहरूलाई मानवस्वरूपमा धर्तीमा देखिएका श्वेतवस्त्रधारी भगवान्को रूप नै मान्न सकिन्छ ।

तर तिनै स्वास्थ्यकर्मीमाथि कहिलेकाहीँ दुर्व्यवहार भएको पनि पाइन्छ । केही दिनअगाडि एउटा समाचार प्रकाशमा आयो । स्थानीयहरूले स्वास्थ्यकर्मीहरूलाई उनीहरूको कोठामा वा अपार्टमेन्टमा जानबाट रोक लगाए । घरमा गएर ब्यानर झुन्ड्याए साथै स्वास्थ्यकर्मी बसेको होटल घेराउ गरे । यो समाचार ज्यादै अशोभनीय र अमानवीय नै मान्नुपर्छ । यसरी अग्रपङ्क्तिमा बसेर बिरामीको उपचारमा खटिएका स्वास्थ्यकर्मीको मनोबल कमजोर पार्ने काम कहीँकतैबाट पनि गर्नु हुँदैन । उनीहरूको सुरक्षामा पनि विशेष ध्यान दिनुपर्छ । समाजमा भइरहेका क्रियाकलाप हेर्दा स्वास्थ्यकर्मीलाई कोरोनाको भन्दा पनि समाजको डर धैरै हो कि जस्तो लाग्न थालेको छ । कोरोनाले सबैलाई त्रसित बनाएको सत्य हो, तर यो त्रासले मानवीयता बिर्साउनु हुँदैन । कोरोना बिरामी र डाक्टर भने पछि सबै डराउँछन् । त्यसरी डराउनु हुँदैन, किनभने डाक्टरहरूले उपचारका क्रममा सबै प्रोटोकल अपनाएका हुन्छन् । डाक्टर तथा नर्सले यस अवस्थामा पनि आफूलाई सुरक्षित तथा जिउँदो राख्नका लागि आफूलाई कोरोनाको महावेदीमा हवन गरिरहेका छन् । संक्रमणको पछाडि पनि उनीहरू रोगीको रातदिन उपचारमा खटिरहेका छन् भने कोभिड-१९ का बिरामीको सहायताका लागि ज्यादा जोखिम उठाइरहेका छन् । आफ्नो घरपरिवार नभनी संक्रमणको कुनै चिन्ता नगरी केवल उपचारमा खटिरहेका छन् । सरकारले कोरोना युद्धमा संलग्न योद्धाका लागि विशेष भत्ता वा सुविधाको घोषणा गरे पनि त्यो अपुग छ । उनीहरूलाई यति सम्मानले पुग्दैन । यदि कोही स्वास्थ्यकर्मी कोभिड-१९ को युद्धमा सहादत प्राप्त गर्छ भने राज्यले उसलाई सहिदकै रूपमा सम्मान दिनुपर्छ ।

चार्ल्स डिकेन्सले 'ए टेल अफ टु सिटिज' लेखेजस्तै अहिलेको समयमा पनि फरक दुई योद्धाका बारेमा यहाँ चर्चा गर्नु सान्दर्भिक देखिन्छ । पहिलो डाक्टर, नर्स वा स्वास्थ्यकर्मी र दोस्रो सुरक्षाकर्मी । विभिन्न प्रकोप महामारी आन्दोलन, विरोध एवम् सीमा सुरक्षा आदिमा प्रत्यक्ष रूपमा देखिने सुरक्षा निकाय जो आज बढी सञ्चालित छन् । जो यस महामारीमा संक्रमित हुने खतरा बढी छ । त्यसैले देशको रक्षा गर्ने पहिलो योद्धा सुरक्षा निकाय र दोस्रो कोभिड महामारीको विरुद्ध लड्ने डाक्टर, नर्स तथा स्वास्थ्यकर्मी । यी दुवैको आआफ्नै परिवार छ, तर पनि उनीहरूको पहिलो स्वार्थ नै देश र जनताको सुरक्षा र ज्यानको संरक्षण गर्नु रहेको छ । नेपाल प्रहरी वा नेपाली सेना सबैले सक्दो सावधानी अपनाएर सुरक्षामा खटिएका छन् । उनीहरू पनि कोरोना महामारीबाट बच्नका लागि अग्रपङ्क्तिमा रहेर काम गरिरहेका छन् । अग्रपङ्क्तिमा खटिने यस्ता अन्य क्षेत्रका योद्धाहरू पनि छन् जसले हाम्रो दैनिक जीवनलाई सहज बनाउन थुप्रै मेहनत गरेका छन्, ज्यानको जोखिम मलेका छन् ।

अहिलेको सन्दर्भमा सबैको समान उत्तरदायित्व छ, नभएको पनि होइन तर यहाँ अरूलाई होच्याएर वा तल पारेर सुरक्षाकर्मी र स्वास्थ्यकर्मीलाई मात्र माथि उठाउन खोजिएको भने किमार्थ होइन । सबैभन्दा अग्रपङ्क्तिमा पर्ने वा लागिपर्नेको चर्चा गर्नुपर्दा यहाँ यी दुईलाई ए टेल अफ टु सिटिजसँग तुलना गरिएको मात्र हो । यसमा अन्य कुनै उद्देश्य रहेको छैन । नेपाल सरकारका मन्त्री, सांसद, स्थानीय सरकारका प्रतिनिधि, कर्मचारी, व्यापारी, पत्रकार, मजदुर, शिक्षक, नागरिक समाज सबै तह र तप्कासहित सबै पेसा र वर्गका मानिसको ठूलो भूमिका रहेको कुरा भुल्न सकिन्न । त्यसैले जसले जसरी मूल्याङ्कन गरे पनि वर्तमान परिप्रेक्ष्यमा भने स्वास्थ्यकर्मीको ठूलो स्थान रहेको कुरालाई नकार्न सकिन्न । आजको यस महामारीमा जीवन बचाउने अरू कोही हैनन्, तिनै श्वेतवस्त्रधारी भगवान्का रूप मानिने डाक्टर र नर्स नै हुन्, जसलाई हामीहरूले अत्यन्त श्रद्धा र सम्मान प्रकट गर्नुपर्छ । यस महामारीमात्र होइन, उनीहरू सदैव स्वास्थ्यसेवा प्रदान गर्नका लीगि कटिबद्ध भएको पाइन्छ । त्यसैले अग्रपङ्क्तिमा उत्रेर काम गर्नेहरूलाई हामी सौहार्द व्यवहार कायम गरौं । कोरोनामाथि विजय प्राप्त गर्न स्वास्थ्यकर्मी सबैको प्रयास अपरिहार्य छ । त्यसैले एउटाको मात्र प्रयासले यो सम्भव नहुने हुँदा हामी सबै मिलेर कोरोना महामारीविरुद्ध डटेर सामना गरौं । हामी सबै मिलेर सावधानीपूर्वक कोरोनालाई जित्ने हो, योसँग डराएर भाग्ने होइन ।



# रूसले नेपाललाई कोरोनाविरूद्धको खोप उपलब्ध गराउने

**झापा (प्रस) ।** रुसको सार्वभौम सम्पत्ति कोषले नेपाललाई २ करोड ५० लाख डोज कोभिड-१९ खोप उपलब्ध गराउने भएको छ । कोषले मंगलबार ट्रिनिटी फर्मास्युटिकल्समार्फत नेपाललाई आफ्नो सम्भावित कोभिड १९ खोपको २ करोड ५० डोज उपलब्ध गराउने सहमति भएको जनाएको छ।



यस सहमति अनुसार नेपालको ९० प्रतिशत जनसंख्यालाई रुसको सम्भावित कोभिड-१९ खोप 'स्पुतनिकभी' उपलब्ध गराउन सकिने जनाइएको छ । यो खोप नेपालका क्लिनिकहरुलाई प्रमाणित सुरक्षा र प्रभावकारिताका साथ उपलब्ध गराइनेसमेत जनाइएको छ।

सम्झौताले धेरै देशहरूले कोरोना भाइरस भ्याक्सिन पोर्टफोलियोमा 'मानव एडिनोभाइरल भेक्टर प्लेटफर्म'मा आधारित भ्याक्सिनको महत्वलाई मान्यता दिने जनाइको छ । 'मानव एडिनोभाइरल भेक्टर प्लेटफर्म एक राम्रो अनुसन्धान गरिएको भ्याक्सिन प्लेटफर्म हो । जुन दशकौंसम्म सुरक्षित साबित भएको छ। जसमा ७५ अन्तर्राष्ट्रिय वैज्ञानिक प्रकाशनहरू र २५० भन्दा बढी क्लिनिकल परीक्षणहरू समावेश छन्' रुसी प्रत्यक्ष लगानी कोषले भनेको छ।

रूसी खोपको क्लिनिकल परीक्षणहरूले कुनै गम्भीर प्रतिकूल असर नदेखाएको र 'स्पुतनिक भी'ले शतप्रतिशत सहभागीहरुमा स्थिर ' ह्युमरल र सेलुलर' प्रतिरक्षा प्रतिक्रिया उत्पन्न गरेकोसमेत जनाइएको छ।

११ अगस्तमा, जामिलिया नेशनल रिसर्च इन्स्टिच्युट इपिडिमियोलोजी र माइक्रोबायोलोजीद्वारा विकसित 'स्पुतनिक भी' खोप रुसको स्वास्थ्य मन्त्रालयमा दर्ता गरेको थियो। मानव एडिनोभाइरल भेक्टर प्लेटफर्ममा आधारित कोभिड-१९ विरुद्धको विश्वमा दर्ता भएको पहिलो खोप भएकोसमेत दाबी गरिएको छ । ४ सेप्टेम्बरमा, 'स्पुतनिक भी' पहिलो र दोस्रो चरणको क्लिनिकल परीक्षणको नतिजाबारेमा ल्यान्सेट जर्नलमा प्रकाशित गरिएको थियो ।

एसिया, मध्य पूर्व, ल्याटिन अमेरिका, युरोप र सीआईएसका ५० भन्दा बढी मुलुकहरुले 'स्पुतनिक भी' को माग गरेकोसमेत जनाइएको छ । आरडीआईएफले यसअघि मेक्सिकोसँग ३२ मिलियन डोज, ब्राजिलसँग ५० मिलियन, भारत (१ सय मिलियन र उज्बेकिस्तानसँग ३५ मिलियन डोज खोपका लागि सम्झौता भइसकेको जनाएको छ।

यसअघि रुस राष्ट्रपति भलाद्मिर पुटिनले यो खोप आफ्नो छोरीलाई पनि लगाइसकेको बताएका थिए ।

भारतीय सञ्चारमाध्यम लाइभमिन्टका अनुसार रुसमा उच्च प्रोफाइल अधिकारीहरू र राजनीतिज्ञहरूले पनि खोप लगाइसकेका छन् । तर, अमेरिका र पश्चिमा राष्ट्रहरुले रुसले खोप विकासमा क्लिनिकल परीक्षणका मापदण्ड पालना नगरेको जनाएको छ । विश्व स्वास्थ्य संगठनले भने यो खोपलाई मान्यता दिइसकेको छैन ।

# कुटपिटबाट ग्राहकको मृत्यु

***बिर्तामोड (प्रस) ।*** मोरङको उर्लाबारीमा एक होटल सञ्चालकको कुटपिटबाट ग्राहकको मृत्यु भएको छ । उर्लाबारी-७ मा युनिक होटल सञ्चालन गरेर बसेका २६ वर्षीय गोपाल तामाङको कुटपिटबाट ३५ वर्षीय सुशिल मल्लिकको मृत्यु भएको मोरङ प्रहरीले जनाएको छ।

मोरङ प्रहरी प्रमुख एसपी सन्तोष खड्का अनुसार संखुवासभा घर भई उर्लाबारीमा होटल सञ्चालन गर्ने तामाङले भारतको दार्जिलिङ घर भई उर्लाबारीमा बस्दै आएका सुशिलमाथि कुटपिट गरेका हुन्। मृतक सुनचाँदीका गहना बनाउने कालीगढ भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार मादकपदार्थ सेवन गरेका मल्लिक श्रीमती कञ्चनसहित युनिक होटलमा आइतबार राति खाजा खान भनेर पुगेका थिए । त्यसक्रममा विवाद गर्दै मदिरा माग्न थालेपछि होटल सञ्चालकसँग झगडा भएको प्रहरीले जनाएको छ । विवाद बढ्दै गएपछि तामाङले कुटपिट गर्दै धकेलेर बाहिर निकाल्न खोज्दा लडेर बेहोस भएका मल्लिकको मृत्यु भएको हो।

घटनामा टाउकोमा चोट लागेका मल्लिकलाई उपचारका लागि उर्लाबारीको गोदवारी अस्पतालमा लगिएको थियो । गोदावरीमा उपचार सम्भव नभएपछि थप उपचारका लागि बिर्तामोडको बी एण्ड सी अस्पताल ल्याइएकोमा त्यहाँ पनि उपचार हुन नसकेपछि भारतको सिलिगुडी लगिएकोमा उपचारको क्रममा मृत्यु भएको हो । इलाका प्रहरी कार्यालय उर्लाबारीले कुटपिटमा संलग्न तामाङलाई नियन्त्रणमा लिएर कर्तव्य ज्यान मुद्दा चलाउने तयारी गरेको जनाएको छ।

# धमला सुनचाँदी व्यवसायी महासंघको प्रदेश अध्यक्षमा निर्वाचित




**झापा (प्रस) ।** नेपाल सुनचाँदी व्यवसायी महासंघ प्रदेश १ को सभापतिमा झापा विर्तामोडका राजु धमला (रुपदल) निवार्चित भएका छन् ।

सोमबार धरानमा सम्पन्न प्रथम अधिवेशनबाट प्रदेश समितिमा धमला निवार्चित भएका हुन् । उनले सभापति पदमा धरानका किसन मास्केलाई पराजित गरेका थिए । सोमबार अबेर भएको मतदानमा धमलाको पक्षमा ५० मत खसेको थियो भने मास्केको पक्षमा ३७ मत मात्र खसेको थियो ।

यस्तै, उपसभापतिमा उदयपुरका चतुर चौधरीले ६६ मत र इलामका धनमान बराइलीले ४५ मत पाएर निवार्चित भए । उपसभापतिमा पराजित अर्का उम्मेदवार उर्लाबारीका ज्ञानुकुमार श्रेष्ठले मात्र ४३ मत पाए। सचिवमा इटहरीका कुमार श्रेष्ठ निर्विरोध चयन भएका छन् भने सहसचिवमा दमकका मेघराज धमला पनि निर्विरोध चयन भएका छन् ।

यस्तै, कोषाध्यक्ष पदमा बिर्तामोडमा राजेश सोनी विजयी भए। कोषाध्यक्ष पदमा धरानका राजेश अग्रवाल र अर्का उम्मेदवार राजेश सोनीले बराबर ४२ मत पाएका थिए । मत बराबर पाएपछि गोलाप्रथाबाट सोनी विजयी भएको जनाइएको छ। यस्तै सहकोषाध्यक्षमा झुम्काका पूर्ण श्रेष्ठ पनि निर्विरोध भएका छन् ।

महासंघको प्रदेश समिति कुल १५ सदस्यीय कार्यसमिति हुनेछ । अन्य ५ जना सदस्यहरुमा महिला सदस्यमा सुन्दर हरैचाकी सिर्जना घिमिरे, एशोसिएट सदस्यमा विराटनगरका आलोक राठी चयन भएका छन् भने सदस्यहरुमा ओखलढुंगामा युवराज विश्वकर्मा, भोजपुरका निरबहादुर विश्वकर्मा र विराटनगरका विमल कुमार वेगवानी रहेका छन् । कार्यसमितिमा एक जना निवर्तमान अध्यक्ष पनि सदस्य हुनेछन् भने एक जना सदस्य मनोनित हुन्छ । सोमबार भएको अधिवेशनमा ९४ जना सदस्य दर्ता भएपनि ८९ मत मात्र खसेको निवर्तमान सभापति माहेनकाजी शाक्यले जानकारी दिए

# कोरोना संक्रमणले स्वास्थ्यकर्मीको मृत्यु

**झापा (प्रस) ।** कोरोना भाइरस संक्रमणका कारण त्रिवि शिक्षण अस्पतालमा कार्यरत एक स्वास्थ्यकर्मीको मृत्यु भएको छ । ५७ वर्षकी महिला स्वास्थ्यकर्मीको त्रिवि शिक्षण अस्पतालको आईसीयूमा उपचाररत अवस्थामा मृत्यु भएको अस्पतालका कोभिड-१९ फोकल पर्सन डा. सविन थपलियाले जानकारी दिए ।



उनलाई असोज ३ गते कोरोना भाइरस संक्रमण पुष्टि भएको थियो । त्यसपछि उनी अस्पतालमै उपचाररत थिइन् । उनमा दम र थाइराइडको समस्या पनि देखिएको अस्पतालले जनाएको छ । आईसीयूमा उपचाररत अवस्थामा निमोनिया पनि देखिएको डा. थपलियाले जानकारी दिए । उनका अनुसार मृतक स्वास्थ्यकर्मी अस्पतालमा कोरोना भाइरस संक्रमितको उपचारमा संलग्न स्वास्थ्यकर्मी भने होइनन् । उनको घरमा श्रीमान र छोरीलाई पनि कोरोना संक्रमण देखिएको थियो । उनलाई घरबाट संक्रमण भएको हुनसक्ने अस्पतालले बताएको छ ।

# चाडपर्व लक्षित सुपथ पसल बिहीबारदेखि

**झापा (प्रस) ।** सरकारले बिहीबारदेखि चाडपर्वलक्षित सुपथ मूल्यका पसल सञ्चालन गर्ने भएको छ । दसैं, तिहार तथा छठजस्ता चाडपर्वमा उपभोक्तालाई राहत दिनका लागि उपत्यकासँगै बाहिरी जिल्लामा सरकारले सुपथ मूल्यका पसल सञ्चालन गर्न लागेको हो। सरकारले बर्सेनि यस्ता पसल सञ्चालन गर्दै आएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनले आफ्ना बिक्री कक्षबाट उपभोक्तालाई सुपथ मूल्यमा खाद्यान्न उपलब्ध गराउन लागेका छन् ।

चाडपर्वमा बजारमा खाद्यान्नको खपत धेरै हुँदा व्यवसायीले मनपरी मूल्य लिइ उपभोक्ता ठग्नसक्ने भन्दै बजार मूल्य हस्तक्षेप गर्न सुपथ पसल सञ्चालन गर्ने गरेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जानकारी दिएको छ । मन्त्रालयकी सहायक प्रवक्ता उर्मिला केसीले आगामी १५ गतेदेखि मंसिर ६ गतेसम्म सुपथ पसल सञ्चालन निर्णय भएको जानकारी दिइन् । उनका अनुसार चाडपर्वमा उपभोक्तालाई राहत दिनका लागि उपत्यकासँगै उपत्यकाबाहिर सुपथ पसल सञ्चालन गरिने छ । सुपथ पसलमा चिनीमा प्रतिकेजी पाँच रुपैयाँ, चामलमा प्रतिकेजी पाँच रुपैयाँ र नुनमा प्रतिकेजीमा दुई रुपैयाँ छुट दिन लागिएको छ।

कम्पनीले सुपथ पसलमा चिनी, चामल, दाल, गेडागुडी, पिठो, नुन, घिउलगायतका चामलमा प्रतिकेजी पाँच रुपैयाँ, गेडागुडीमा प्रतिकेजी १० रुपैयाँ र खसीबोका प्रतिकेजीमा १० रुपैयाँ छुट दिने जानकारी दिएको छ। कम्पनीले थापाथली, रामशाहपथ, जाउलाखेल, नख्खु र सुर्यविनायकमा रहेका बिक्री कक्षबाट सुपथ मूल्यमा सामान विक्री गर्ने छ । कम्पनीले उपत्यकाबाहिर पनि २३ वटा बिक्री कक्षबाट सुपथ मूल्यमा सामान वितरण गर्ने छ । कम्पनीले अनलाइनमार्फत होमडेलिभरी समेत गर्ने जनाएको छ । लकडाउनदेखि कम्पनीले अनलाइनमार्फत होमडेलिभरी सेवा सञ्चालन गर्दै आएको छ । स्थानीय प्रशासनको मागपछि अन्य ठाउँमा पनि सुपथ पसल सञ्चालन गरिने कम्पनीले जानकारी दिए । यस्तै साल्ट ट्रेडिङ कर्पोरेसनले पनि आफना उपत्यकामा रहेका आफना बिक्री कक्षबाट खाद्यान्न वितरण गर्ने जानकारी दिएको छ । कर्पोरेसनले खाद्यान्नमा कति छुट दिने भनेर कार्ययोजना मन्त्रालयमा पेश गर्ने तयारी गरेको छ। कर्पोरेसनले चिनी, पिठो, नुन, दाल गेडागुडी, चिउरा आटा सुपथ मूल्यमा बिक्री गर्ने छ।

यस्तै, उपत्यकाबाहिर विभिन्न जिल्लामा रहेका बिक्री कक्षबाट खाद्यान्न वितरण गरिने कर्पोरेसनले जानकारी दिएको छ । दुग्ध विकास संस्थानले उपत्यकामा रहेका तीनवटा बिक्री कक्षबाट दुग्धजन्य वस्तु बिक्री गर्ने छ। लैनचौर, न्युरोड र खुमलटारबाट दुग्धजन्य पदार्थ बिक्री गर्ने योजना छ। कम्पनी र कर्पोरेसनले आफ्ना सामान साटेर बिक्री गर्नेछन्। चाडपर्वमा उपभोक्तालाई सुपथ मूल्यमा खाद्यान्न वितरण गर्नका लागि बजेटको व्यवस्था गरिएको छ । कम्पनीलाई एक करोड ७५ लाख र कर्पोरेसनलाई १ करोड ५० लाख बजेट विनियोजन गरिएको मन्त्रालयले जानकारी दिएको छ । खाद्यान्न वितरण गरिसकेपछि विल पेश गरेका आधारमा दुई कम्पनीले सुपथ मूल्यमा वितरण गरेको रकम पाउने छन्। चाडपर्वमा उपभोक्तालाई राहत दिनका लागि सरकारले प्रत्येक वर्ष सुपथ मूल्य पसल सञ्चालन गर्दै आएको छ।

## हत्या ....

उनका अनुसार हत्यापछि हत्याराले त्यहाँ रहेको बाल्टिनको पानीमा हात धोएको र पुरानो ज्याकेटले हात पुछेको देखिएको छ। जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायव उपरीक्षक राकेश थापाले सोमबार बेलुका धरानबाट तालिम प्राप्त कुकुरसहितको टोली मगाएपनि सफलता हात नलागेको बताए। घरमा एक्लै रहेको अवस्थामा बृद्धाको हत्या भएको मृतकका देवर खगेन्द्र भण्डारीले जानकारी दिएका थिए।

घटना भएको दिन सोमबार बिहान साढे ११ बजेतिर मात्र मृतक र उनका श्रीमान् भीम भण्डारी गौरादहस्थित घरमा आइपुगेका थिए। भण्डारी दम्पतीको पुरानो घर कमल गाउँपालिका १ द्याङ्ग्री भन्ने स्थानमा रहेको छ। उनीहरु नातिनातिना पढाउनका लागि ५ वर्ष अघिदेखि गौरादहमा घर किनेर बसोबास गर्दै आएका थिए। कोरोनाका कारण विद्यालय बन्द भएपछि करिब ३ महिनादेखि उनीहरु द्याङ्ग्रीस्थित घरमा बस्दै आएका थिए। घटनापछि प्रहरीले मृतकका श्रीमान् , उनका देवरलगायत परिवारका सदस्यहरुलाई निगरानीमा राखेको छ। त्यस्तै जग्गासम्बन्धी विवाद रहेका एकजना छिमेकलिाई बिर्तामोडबाट पक्राउ गरी प्रहरीले सोधपुछ गरिरहेको जनाइएको छ। लाशलाई पोष्टमार्टमका लागि धरान पठाइएको प्रहरी नायव उपरीक्षक थापाले जानकारी दिएका छन् ।

## झापामा ....

जानकारी दिए। अहिले २२ जना सक्रिय संक्रमित रहेको र उनीहरुको विभिन्न कोभिड अस्पतालहरुमा उपचार भइरहेको स्वास्थ्य शाखाका अधिकृत नगेन्द्र भट्टराईले बताएका छन् ।

त्यस्तै अर्जुनधारा नगरपालिकामा थप तीनजनामा कोरोना संक्रमण पुष्टि भएको छ। वडा नं. ३ मा एक महिला र एक पुरुषमा संक्रमण देखिएको हो। श्रीमान्को उपचार गराउन धरान गएकी ६० वर्षिया महिलालाई संक्रमण पुष्टि भएको हो भने उनका ८१ वर्षका बुवालाई संक्रमण देखिएको अर्जुनधारा नगरपालिकाका स्वास्थ्य शाखाका मुकुन्द बस्नेतले बताए। त्यस्तै काठमाडौं गएर झापा फर्किएका अर्जुनधारा ९ का ४५ वर्षिय व्यक्तिमा पनि कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। उनले मेची अस्पताल भद्रपुरमा स्वाब संकलन गराएका थिए। त्यस्तै भद्रपुर नगरपालिकामा दुईजनामा संक्रमण पुष्टि भएको छ। संक्रमित हुनेहरु वडा नं ५ र १० का ३० र ५० वर्षिय पुरुषहरु रहेकां छन् । ३० वर्षिय पुरुष असोज ३ गते झापा कारागारबाट कैद भुक्तान गरेर घर फर्किएका व्यक्ति हुन् भने ५० वर्षिय व्यक्ति मालपोत कार्यालयका कर्मचारी भएको जनाइएको छ। ८० जनाको स्वाब संकलन गरी परीक्षणका लागि पठाउँदा दुईजनाको रिपोर्ट पोजिटिभ आएको भद्रपुर नगरपालिकाका क्वारेन्टाइन प्रमुख मनोज भट्टराईले बताए। योसँगै जिल्लामा संक्रमितहरुको सँख्या


प्रतिदिन वर्गीकृत विज्ञापन

विवाह कार्ड
स्टाम्प
साथै अन्य छपाई सम्बन्धी सम्पुर्ण काम गर्नु परेमा सम्झनुहोस्
न्यू के.के. प्रिन्टर्स
बिर्तामोड कृषिधोक बजार
९८५२६७९०२९, ९८०२६७९०२९
९८४२७८१०२९

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

Rays Design & Print
Creation Illustration Print Production
{भनेजस्तै डिजाइन}
PH: 023 546 145 | 9816 024 944
Birtamode,Jhapa
E-mail: sendemail2rays@gmail.com
www.raysdesign.com

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४


## राशिफल

**मेष** : आज महत्वपूर्ण कामको थालनी हुनेछ। परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला।

**वृष** : आज स्वास्थ्यमा खर्च बढ्नेछ। यात्रामा मालसामान हराउन सक्छ। सानो तिना समस्यामा अल्झिनुपर्नेछ।

**मिथुन** : धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ। नयाँ काम सुरु गर्ने समय छ।

**कर्कट** : एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। घरमा अतिथीको आगमन हुनेछ।

**सिंह** : आज रोकिएका काम पुनः सुरु हुन सक्छन्। आर्थिक कारोवारमा सफलता पाइएला।

**कन्या** : आज भाग्यले विभिन्न अवसर जुराउनेछ। मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ।

**तुला** : धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ।

**वृश्चिक** : ठीक समयमा सही निर्णय लिन सकिनेछ। राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ।

**धनु** : आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ।

**मकर** : : आज नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ। सांस्कृतिक क्षेत्रमा रुची बढ्नेछ।

**कुम्भ** : आज रोकिएका आधुरा काम पुनः सुचारु हुनसक्छ। शुभ र मंगल कार्यको चर्चा चल्नेछ।

**मीन** : आज लगनशीलताको कमिले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला। सहकर्मीबाट विरोध आउला।